■ डब्लु वान कार्टिङ च्याम्पियनसिप हुने

# कार्टिङ रेसिङलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्य




**हिमालय टाइम्स**

काठमाडौं, १ भदौ

नेपालमा पहिलोपटक अन्तर्राष्ट्रिय मापदण्डअनुसारको डब्लु वान कार्टिङ च्याम्पियनसिप हुने भएको छ। राजधानीस्थित वन्डरल्याण्ड गेम जोनले आयोजना गर्न लागेको यस ऐतिहासिक मोटरस्पोर्ट प्रतियोगिता आगामी भदौ १२, १३ र १४ गते तीन दिनसम्म चल्नेछ।

वन्डरल्याण्डले आइतबार आयोजना गरेको विशेष पत्रकार सम्मेलनमार्फत् च्याम्पियनसिपबारे सम्पूर्ण जानकारी सार्वजनिक गर्दै यसले नेपालमा कार्टिङ रेसिङलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्य राखिएको बताइएको छ। आयोजकका अनुसार प्रतियोगिता मोटरस्पोर्ट संस्कृतिको विकास, युवा पुस्तामा उत्साह जगाउने र अन्तर्राष्ट्रियस्तरका प्रतिस्पर्धी ड्राइभर उत्पादन गर्ने उद्देश्यले आयोजना गरिएको हो।

**वन्डरल्याण्ड नेपालमा अहिले गो-कार्टिङ, भर्चुअल रियालिटी अनुभव, मोटोराइज्ड जिपलाइन, प्रोजेक्सन बलिङ, ट्रयाम्पोलिन, आउटडोर राइड्स जस्ता गतिविधिहरू उपलब्ध छन्। यी सुविधा परिवारका सबै उमेर समूहका लागि आकर्षक बनेका छन्।**

### मोटरस्पोर्ट संस्कृति नेपालमा

नेपालमा मोटरस्पोर्ट अझै व्यवस्थित रूपमा विकसित हुन सकेको छैन। तर, पछिल्ला वर्षमा युवाहरूबीच स्पिड रेसिङप्रतिको आकर्षण बढ्दै गएको छ। वन्डरल्याण्डले च्याम्पियनसिपमार्फत् यस क्षेत्रलाई व्यवस्थित र सुरक्षित ढंगले अघि बढाउने विश्वास लिएको छ। आयोजकले परिवार तथा साथीहरूसँग रमाइलो गर्दै प्रतियोगिता हेर्ने वातावरण बनाइने जानकारी पनि दिएको छ।

### वन्डरल्याण्डको योगदान

नेपालकै अग्रणी मनोरञ्जन पार्कका रूपमा स्थापित वन्डरल्याण्डले पछिल्ला वर्षमा विभिन्न अन्तर्राष्ट्रियस्तरका इभेन्टहरू आयोजना गर्दै आएको छ। यसअघि यहाँ एनडब्लुसी, एमएमए प्रतियोगिता र 'गड इज वुमन' कन्सर्ट सफलतापूर्वक सम्पन्न भइसकेका छन्। यी कार्यक्रमहरूले वन्डरल्याण्डलाई मनोरञ्जन खोज्ने नेपाली र विदेशी पर्यटकहरूको रोजाइमा अझ स्थापित गरिदिएका छन्। वन्डरल्याण्ड नेपालमा अहिले गो-कार्टिङ, भर्चुअल रियालिटी अनुभव, मोटोराइज्ड जिपलाइन, प्रोजेक्सन बलिङ, ट्रयाम्पोलिन, आउटडोर राइड्स जस्ता गतिविधिहरू उपलब्ध छन्। यी सुविधा परिवारका सबै उमेर समूहका लागि आकर्षक बनेका छन्।

### अपेक्षित प्रभाव

डब्लु वान कार्टिङ च्याम्पियनसिपले नेपालको मोटरस्पोर्ट इतिहासमा नयाँ अध्याय थप्ने अपेक्षा गरिएको छ। यसले युवाहरूलाई खेलतर्फ आकर्षित गर्ने, पर्यटन क्षेत्रलाई सहयोग गर्ने र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने ड्राइभर उत्पादन गर्ने अवसर दिने आयोजकहरूको विश्वास छ। नेपालमा पहिलोपटक आयोजना हुन लागेको यस स्तरको कार्टिङ प्रतियोगिता हेर्न हजारौं दर्शक वन्डरल्याण्ड पुग्ने अपेक्षा गरिएको छ। मनोरञ्जनसँगै साहसिक रेसिङको मजा लिन चाहनेका लागि वन्डरल्याण्ड अब नयाँ आकर्षण बन्ने देखिन्छ।

# राजनीतिक खिचातानीले दशौं राष्ट्रिय खेलकुद अनिश्चित

**हिमालय टाइम्स**

काठमाडौं, १ भदौ

केन्द्रमा खेलकुद मन्त्री र राष्ट्रिय खेलकुद परिषद्बीचको विवाद तथा कर्णाली प्रदेश खेलकुद विकास परिषद् विगत नौ महिनादेखि नेतृत्वविहीन रहँदा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता अनिश्चित बनेको छ। खेलकुद मन्त्री तेजुलाल चौधरी, राखेप सदस्य-सचिव टंकलाल घिसिङ र उपाध्यक्ष ध्रुव आचार्यबीचको राजनीतिक स्वार्थ र मतभेदले प्रतियोगिता अनिश्चित बनेको हो। अर्कोतर्फ राजनीतिक दलहरूबीच स्वार्थ नमिल्दा कर्णाली प्रदेश खेलकुद विकास परिषद्का पदाधिकारी नियुक्त हुन सकेको छैन। जसले गर्दा खेल संरचनाको मर्मतसम्भार र सञ्चालनमा अवरोध पुगेको छ। कर्णालीमा अर्बौं लगानीमा निर्माण भएका खेल संरचनाहरू खण्डहर बन्दै गर्दा पनि प्रदेश सरकार मूकदर्शक बनेको छ। प्रदेश रंगशाला ९९ प्रतिशत निर्माण सम्पन्न भए पनि सरकारले ठेकेदारलाई भुक्तानी नदिँदा बाँकी काम रोकिएको हो, जसले रंगशालालाई बेवारिसे बनाएको छ।

वीरेन्द्रनगरमा निर्माणाधीन रंगशालाको ठेक्का एमएसी/जिएसएल जेभीले एक अर्ब ५९ करोड ४७ लाख ४७ हजारमा लिएको थियो। तर, भुक्तानीको अभाव र नेतृत्वविहीन परिषद्का कारण निर्माण कार्य पूर्ण हुन सकेको छैन। रंगशालाभित्र फुटबल मैदान, एथलेटिक्स ट्र्याक, पौडी पोखरी, भलिबल कबर्ड हललगायत १६ वटा खेल खेल्न सकिने संरचनाहरू छन्। यस्तै, दशौं राष्ट्रिय खेलकुदका लागि कर्णालीमा तीनवटा क्रिकेट मैदानसमेत निर्माण भएका छन् तर तिनको उपयोग हुन सकेको छैन। सरकारले ठेकेदारलाई दोष देखाएर आफू उम्कने प्रयास गरेको आरोप लाग्ने गरेको छ। ठेकेदार कम्पनीले भने सरकारले १० करोड भुक्तानी रोकेको र म्याद थप नगरेको गुनासो गरेको छ।



*सुर्खेतको वीरेन्द्रनगरमा निर्मित कर्णाली प्रदेश रंगशाला। तस्वीर : रासस*

**भौतिक पूर्वाधार, आर्थिक समस्या र राजनीतिक असमझदारीका कारण तीनपटक मिति तोकिए पनि (मंसिर २०८१, चैत २०८१, जेठ २०८२) प्रतियोगिता हुन सकेको छैन।**

राजनीतिक खिचातानी र सत्ता परिवर्तनको असरले दशौं राष्ट्रिय खेलकुदको मिति पटक-पटक सर्दै आएको छ। संघीय र प्रदेश सरकारबीच समन्वयको अभाव, परिषद्का पदाधिकारी नियुक्तिमा ढिलाइ र कानुनी जटिलताले खेलकुदको विकासमा बाधा पुगेको हो।

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशमा आयोजना गर्ने निर्णय भए पनि राजनीतिक खिचातानी, नेतृत्व विवाद र पूर्वाधार अभावका कारण पटक-पटक मिति सर्दै आएको छ। २०७९ कात्तिक ३ मा गण्डकी प्रदेशमा सम्पन्न नवौं राष्ट्रिय खेलकुदको समापनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले कर्णालीका सामाजिक विकास मन्त्री यज्ञबहादुर बिसीलाई झण्डा हस्तान्तरण गर्नुभएको थियो। तर, तीन वर्ष बितिसक्दा पनि उक्त झण्डा कर्णाली पुग्न सकेको छैन।

राखेपको बोर्ड बैठकले २०८१ मंसिर २-९ मा दशौं खेलकुद आयोजना गर्ने निर्णय गरेको थियो। तर, भौतिक पूर्वाधार, आर्थिक समस्या र राजनीतिक असमझदारीका कारण तीनपटक मिति तोकिए पनि (मंसिर २०८१, चैत २०८१, जेठ २०८२) प्रतियोगिता हुन सकेको छैन। प्रधानमन्त्री केपी शर्मा ओलीले मंसिर २०८२ मा जसरी पनि आयोजना गर्न निर्देशन दिए पनि नयाँ मिति अझै तय भएको छैन।

# महिला राष्ट्रिय भलिबल टोलीको जर्सी प्रायोजनका लागि आवेदन खुला

**हिमालय टाइम्स**

काठमाडौं, १ भदौ

नेपाल भलिबल संघले नेपाली महिला राष्ट्रिय भलिबल टोलीको जर्सी प्रायोजनका लागि आवेदन खुला गरेको छ। पछिल्लो समय निरन्तर उत्कृष्ट प्रदर्शन गर्दै आएको महिला भलिबल टोलीलाई थप सशक्त बनाउन तथा खेल क्षेत्रमै निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले प्रायोजन प्रक्रिया अघि सारिएको हो।

संघका अनुसार न्यूनतम वार्षिक प्रायोजन रकम ५० लाख रुपैयाँ तोकिएको छ। सम्झौता अवधि दुई वर्ष रहनेछ भने प्रायोजक कम्पनी वा संस्थाको लोगो राष्ट्रिय टोलीको जर्सीको अगाडिको भागमा राखिने व्यवस्था गरिएको छ।

संघले इच्छुक कम्पनी वा फर्मलाई आगामी भदौ १५ गते साँझ ५ बजेसम्म आवश्यक कागजातसहित त्रिपुरेश्वरस्थित नेपाल भलिबल संघको केन्द्रीय कार्यालयमा वा संघको आधिकारिक इमेलमार्फत् आवेदन दिन आह्वान गरेको छ। प्राप्त आवेदन स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संघसँगै रहने स्पष्ट गरिएको छ।

नेपालले महिला भलिबलमा पछिल्लो केही वर्षयता लगातार सफलता हात पारेको छ। विशेष गरी राष्ट्रिय टोलीले क्षेत्रीय स्तरमा प्राप्त गरेको उपलब्धिले नेपाली खेल क्षेत्रमा उत्साह थपिएको छ। यही पृष्ठभूमिमा संघले टोलीलाई प्रोत्साहन गर्न, खेलाडीलाई अझ सक्षम बनाउन र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक बनाउन प्रायोजनलाई आवश्यक ठानेको हो।

यस्तै, नेपालले आगामी नोभेम्बरमा काठमाडौंमा घरेलु कोर्टमै सेन्ट्रल एसियन भलिबल संघ (काभा) महिला लिग आयोजना गर्दैछ। सो प्रतियोगितामा नेपालसहित क्षेत्रीय स्तरका बलिया टिमहरूको सहभागिता रहनेछ। यसैले पनि महिला टोलीलाई थप बलियो बनाउन प्रायोजन महत्त्वपूर्ण हुने संघले जनाएको छ।

नेपालमा महिला भलिबल टोली लोकप्रिय हुँदै गइरहेका बेला यो प्रायोजन अवसरले निजी क्षेत्रलाई पनि खेल क्षेत्रमा योगदान दिने अवसर उपलब्ध गराउने संघको विश्वास छ।

# शारीरिक सुगठन टोली आज थाइल्याण्ड जाने

**काठमाडौं/हिटा।** एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा सहभागी हुन दुई खेलाडीसहित सात सदस्यीय नेपाली टोली आज (सोमबार) थाइल्याण्डको बैंकक प्रस्थान गर्ने भएको छ। भदौ २ देखि ९ गतेसम्म हुने प्रतियोगिताको पुरुष ८५ केजीमा ग्रेस महर्जन तथा महिला एथलेटिक फिजिकमा उर्मिला श्रेष्ठले नेपालको चुनौती प्रस्तुत गर्नुहुनेछ।



अफिसियलमा दिनेशकुमार राजभण्डारी, प्रशिक्षकमा रुजेश शाही, निर्णायकमा प्रतापकाजी बरिया तथा सहयोगीमा प्रदीप अमात्य र सुनभ सुवेदी रहनुभएको छ। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले आइतबार एक कार्यक्रमबीच बिदाइ गर्नुभयो।

**बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०२)

यस विशाल सा.व.उ.स. दु.न.पा.-३ सिन्धुलीबाट आ.व. २०८०/२०८१ मा उत्पादन/संकलन भई घाटगद्दि गरी राखिएको **साल जातको गोलिया थान ५० को ७०५.३२ क्युफिट गोलिया काठ** व्यापारिक प्रयोजनकलागि विक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ।काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सुचना पाटीमा टाँस गरिएको छ।

**विशाल सा.व.उ.स. दु.न.पा.-३ सिन्धुली**

**बेथानचोक गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**ढुंखर्क, काभ्रेपलाञ्चोक**

**बागमती प्रदेश, नेपाल**

**आन्तरिक आय संकलन सम्वन्धि शिलबन्दि बोलपत्र आव्हानको सूचना**

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८२/०५/०२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २(घ)६, दफा ६२ क, बेथानचोक गाउँपालिकाको आर्थिक ऐन २०८२ मा तोकिएको दररेट बमोजिम यस गाउँ कार्यपालिका बाट आ.व. २०८२/०८३ (२०८२ असोज १ गते देखि २०८३ आषाढ मसान्त सम्मको) लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का E-Bidding मार्फत बन्दोवस्त गर्नु पर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) बमोजिम अनुमती स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट रोडा, ढुंगा, ग्रावेल र माटो विक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र Electronic Bid Submission मार्फत शिलबन्दी बोलपत्र आह्वानको लागि सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | स्वीकृत दर रेट | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/IR/01/082/83 | बेथानचोक गाउँपालिका क्षेत्र भित्रका खानी उत्खनन् तथा उत्पादन हुने (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, बेस, माटो, चिप्स, डस्ट आदी) को बिक्रि/श्रोत उपयोग शुल्क | १०,८१,५९,३५०।०० | १०,०००।०० | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | रोडा | प्रति घन फिट | रु ९।०० |
| | | | | | | स्लेट | प्रति वर्ग फिट | रु ९।०० |
| | | | | | | ढुंगा, ग्राभेल,चिप्स, बेस लगायत अन्य सोहि प्रकृतीका सामान | प्रति घन फिट | रु ९।०० |
| | | | | | | माटो, डस्ट लगायत सोहि प्रकृतिका अन्य | प्रति घन फिट | रु ३।५० |

**ठेक्का सम्वन्धि शर्तहरु :**

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Electronic Bid Submission मार्फत बुझाउनु पर्नेछ।

२. बोलपत्र फाराम खरिदको लागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोबल आइएमई बैंक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता नं. १२२०४०१००००००५, राजश्व शिर्षक नं. १४२२९ मा रकम जम्मा गरेको भौचर संलग्न गरि एए:इ को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८२/०५/१७ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी मिति : २०८२।०५।१७ को १२:०० बजे भित्र PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८२/०५/१७ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता गर्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्रहरु मिति २०८२/०५/१७ गते दिनको १:०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोवल आई एम.ई बैंक, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा रहेको धरौटी खाता नं. १२२०१०१००००००२० मा जम्मा गरेको सक्कले बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १८० (एक सय असी) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्र स्वीकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ।

७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ। कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलव्ध गराईनेछ। साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ।

८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्वन्धित आयोजनाबाट विक्रि मूल्य असुल गर्नेछ।

९. स्वीकृत ठेक्काको ठेक्का किस्ता मु.अ.कर सहित देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ।

| क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | किस्ता बापतको रकम |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | सम्झौताका वखत | ३ | तेस्रो | फागुन मसान्त सम्ममा | सम्पूर्ण किस्ताको भार समान |
| २ | दोस्रो | मंसिर मसान्त सम्ममा | ४ | अन्तिम | जेष्ठ मसान्त सम्ममा | |

१०. तोकिएको अवधि भित्र किस्ता रकम प्राप्त हुन नआएमा सम्झौता गर्दा कार्यालयको नाममा जारी भएको बैंक कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गरिनेछ। सो सम्वन्धमा ठेक्का लिने पक्षको कुनै उजुर बाजुर लाग्ने छैन।

११. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ।

१२. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन। साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ। मुल्य अभिबृद्धि कर बापतको रकम किस्ता रकम संगै यस कार्यालयमा बुझाउनु पर्नेछ।

१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ।

१४. जुन आर्थिक वर्षको लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ।

१५. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ।

१६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१७. नेपाल सरकारबाट जारी ढुंगा गिट्टी तथा बालुवा उत्खनन तथा विक्री व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ र ढुंङ्गा गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ।

१८. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# न्यु जेनिथ कप आजदेखि




**हिमालय टाइम्स**

काठमाडौं, १ भदौ

न्यु जेनिथ इंग्लिस मोडेल स्कुलको आयोजनमा तेस्रो न्यु जेनिथ कप अन्तरविद्यालय बास्केटबल तथा फुटसल प्रतियोगिता आज (सोमबार) देखि हुने भएको छ। प्रतियोगिताअन्तर्गत बास्केटबलमा दुई तथा फुटसलमा तीन विधामा प्रतिस्पर्धा हुने न्यु जेनिथका संस्थापक प्रिन्सिपल राजु महर्जनले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो।

सिनियर ब्वाइज बास्केटबलमा २४ तथा गर्ल्समा १२ टिमले भाग लिने न्यु जेनिथका बास्केटबल प्रशिक्षक अजित महर्जनले जानकारी दिनुभयो। ब्वाइज टिमलाई आठ तथा गर्ल्स टिमलाई चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ।

फुटसलको ब्वाइजमा यू-११, यू-१३ र यू-१६ उमेर समूहमा खेल हुनेछ। यू-११ मा १३, यू-१३ मा १५ र यू-१६ मा १६ टिमले लिग कम नकआउट पद्धतिमा प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिता सञ्चालन गर्न करिब चार लाख रुपैयाँ खर्च हुने न्यु जेनिथका को-अर्डिनेटर रोशन थापाले बताउनुभयो। पहिलो दिन बास्केटबलका ६ खेल हुनेछन्। औपचारिक उद्घाटन मंगलबार हुनेछ। खेलहरू काठमाडौं महानगरपालिका-१८, भुरुङखेलस्थित आयोजककै हातामा खेलाइनेछ।

# सलमान अलीको कप्तानीमा पाकिस्तानी क्रिकेट टोलीको घोषणा

## परेनन् बाबर र रिजवान




**एजेन्सी।** एसिया कप २०२५ का लागि पाकिस्तानी क्रिकेट टोलीको घोषणा गरिएको छ। आइतबार गरिएको टोलीको घोषणाअनुसार प्रतियोगितामा सलमान अली आघाले पाकिस्तानी टोलीको कप्तानी गर्नुहुनेछ। स्टार खेलाडी बाबर आजम र मोहम्मद रिजवानले १७ सदस्यीय पाकिस्तानी टोलीमा स्थान पाउनुभएको छैन। बाबर र रिजवानले पछिल्ला केही टी-२० शृंखलामा मौका पाउनुभएन। उहाँहरूलाई एसिया कपमा पनि टिममा राखिएको छैन।

एसिया कपअघि पाकिस्तानी टोलीले संयुक्त अरब इमिरेट्स (युएई)को शारजाहमा त्रिकोणीय शृंखला पनि खेल्ने भएको छ। यसमा अफगानिस्तान र युएईका टिम छन्। त्रिकोणीय शृंखलामार्फत् यी टोलीले एसिया कपका लागि आफ्नो तयारी गर्नेछन्।

पाकिस्तानको टोलीमा सलमान आघा (कप्तान), अबरार अहमद, फहीम अश्रफ, फखर जमान, हयारिस रउफ, हसन अली, हसन नवाज, हुसैन तलत, खुर्शीदिल शाह, मोहम्मद हयारिस (विकेटकिपर), मोहम्मद नवाज, मोहम्मद वसीम, साहिबजादा फारहान, साइम अय्युब, सलमान मिर्जा, शाहिन शाह अफ्रिदी, सुफयान मोकीम रहनुभएको छ।

CMYK